**बुढीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कुल्देवमाण्डौं, बाजुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

# बुढीगंगा नदी किनारको सेराबगर देखि इकडीगाड सम्मको बगर क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको दिगो सङ्कलन तथा उत्खननका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८२/०२/१९

सुदूरपश्चिम प्रदेश बाजुरा जिल्ला बुढीगंगा नगरपालिकामा बुढीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बुढीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>कुल्देवमाण्डौं, बाजुरा<br>इमेलः ito.budhigangamun7@gmail.com<br>फोन नं. ०९७-५९४००२, ०९७-५९४००३ |
| प्रस्तावको व्यहोरा | बुढीगंगा नगरपालिकाको क्षेत्रमा पर्ने बुढीगंगा नदी किनारको सेराबगर देखि इकडीगाड सम्मको बगर क्षेत्रबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को दिगो सङ्कलन तथा उत्खनन गर्ने कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/स्थानीय तह | बुढीगंगा नगरपालिका वडा नं. ६, ७, ८, १० |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी एकीन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिन हुन अनुरोध गरिन्छ ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | बुढीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>कुल्देवमाण्डौं, बाजुरा<br>इमेलः ito.budhigangamun7@gmail.com<br>फोन नं. ०९७-५९४००२, ०९७-५९४००३ |
| परामर्शदाताको नाम र ठेगाना | इन्भाइरोनमेन्टल फोरम फर रिसर्च एण्ड डेभलपमेन्ट नेपाल प्रा.लि.<br>काठमाडौं महानगरपालिका-३२, सुविधानगर, काठमाडौं<br>इमेलः kalakhetirupesh@gmail.com<br>फोन नं. ९८५५०८७२११ |